तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन ,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎ ०७५-५२०१०९,५२०८९३,५२०९०९,५२०१
✉ info@tansenmun.gov.np
ito.tansenmun@gmail.com

प.स. ०८२/०८३
च.न. १३४

मितिः २०८२/०४/२३
११४५ गुंलाथ्व चतुर्दशी

श्री वडा कार्यालय सबै
तानसेन नगरपालिका पाल्पा।

बिषयः नगर स्तरीय तीज गीत प्रतियोगितामा सहभागिता सम्बन्धमा ।

प्रस्तुत बिषयमा तानसेन नगरपालिकाको आयोजनामा महिलाहरुको महान चाड हरितालिका तीज २०८२ को अवसरमा नगर स्तरीय तीज गीत प्रतियोगिता तपसिलको मिति, समय र स्थानमा सम्पन्न हुने भएकाले त्यस वडाबाट नृत्य, बाद्यवादक र गायन सहित मौलिक पोशाक, संस्कृति झल्किने गरी बढीमा ७ जनाको एक समूह बनाई सहभागी गराइदिनुहुन अनुरोध छ।

**तपसिल**

मितिः २०८२/०५/०४ गते

समयः बिहान ११ बजे

स्थानः तानसेन नगरपालिकाको सभाहल

पुरस्कार राशीः प्रथम पुरस्कार -रु.२५०००।, द्वितीय पुरस्कार - रु.१५०००।, तृतीय पुरस्कार -रु.१०,०००। र सान्त्वना पुरस्कार -रु.५,०००।

सहभागी प्रत्येक समूहलाई रु. २,०००।

नाम दर्ताः २०८२/०४/३० गते दिउसो ३ बजेसम्म ।

**"महिलाको सहभागीता सु-शासन, दिगो विकास र पारदर्शीता" भन्ने** शिर्षकमा आधारित रही मौलिकता झल्कने तीजको भाकामा आफ्नो गीत प्रस्तुत गर्नुपर्नेछ। प्रत्येक समूहको लागि जम्मा ७ मिनेटको समय प्रदान गरिनेछ। प्रतियोगीहरुको पोशाक, लय, शैली, संस्कार, संस्कृति, मौलिकता झल्काउने किसिमको हुनुपर्ने। बाध्यबादकको सामाग्री सहभागी आफैले गर्नुपर्नेछ। साथै गीत मार्फत कसैलाई आरोप प्रत्यारोप गर्न, साम्प्रादायिक हिंसा भड्कने, राजनीतिक दलविशेष र व्यक्तिगत आक्षेप लगाउन पाईने छैन।

( नोटः नाम दर्ताका लागि कुनै शुल्क लाग्ने छैन, सम्पर्कः चिना कुमारी न्यौपाने मोवाइल नं ९८६४४७८१८५। E-mail: nyayiksamititansen06@gmail.com मार्फत समूह दर्ता गर्न सकिने व्यवस्था छ।)

कौशलराज घिमिरे
अख्तियार प्राप्त अधिकृत सातौं तह